घरपझोङ गाउँपालिका

**गाउँ कार्यपालिकाको ३५ औं वैठक**

मिति २०७६/०३/२९

<u>निर्णयहरु</u>

१. चालू आ.व.का योजना तथा कार्यक्रमहरु मध्ये तपसिलमा उल्लिखित योजनाहरू यो वर्षको अत्याधिक हिमपातका कारणवाट तोकिएको समयमा कार्यसम्पन्न हुन नसकेकोले हाल सम्मको कार्य प्रगतिका आधारमा रनिङ बील भुक्तानी गर्ने र आगामी आ.व. लागि कानून बमोजिम म्याद थप गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

**<u>तपसिलः</u>**

क. चिमाङ भ्यू टावर तथा जेष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण योजनाः घरपझोङ - १, चिमाङ

ख. मिलिजुली सूचना केन्द्र निर्माण योजनाः घरपझोङ -२, मार्फा

ग. झोनाघाङ पार्क निर्माण योजनाः घरपझोङ -३, स्याङ

घ. आमा समूह भवनमा तला थप निर्माणः घरपझोङ -३, स्याङ

ङ. इको म्यूजियम भवन पुनर्निर्माणः घरपझोङ - ३, एयरपोर्ट (पुथाङ)

२. निर्णय नं. १ मा उल्लिखित योजनाहरु बाहेक बाँकी सबैखाले योजना तथा कार्यक्रमहरुको चालू आ.व. को अन्त्यसम्ममा भएको कार्यको प्राविधिक मूल्याङ्कन गरी कानून वमोजिम अन्तिम भुक्तानी दिने ।

३. सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश पोखरावाट यस गाउँपालिका अन्तर्गत रहेका अभिभावकविहीन वालवालिकाहरुको लागि सामाजिक सुरक्षा अनुदानका लागि कूल १४ (चौध) कोटा प्राप्त भएको, तर, यस गाउँपालिका अन्तर्गत उल्लिखित वमोजिम अनुदान प्रदान गर्नुपर्ने १६ (सोह्र) जना वालवालिकाको तथ्याङ्क रहेकोले अपुग २ (दुई) कोटाका लागि जनही रु ५,०००। का दरले कुल रकम रु १०,०००। (दश हजार रुपैया मात्र) यसै गाउँपालिकाको विविध शीर्षकवाट प्रदान गर्ने ।

४. यस गाउँपालिका वडा नं. ४ अन्तर्गत घुम्ती पसल गर्न चाहने साना खुद्रे घुम्ती पसलेहरुको लागि ऐ. वडाको कालीगण्डकी नदीमा रहेको काठेपुलको उत्तरपट्टी र पक्कीपुलको दक्षिणपट्टीको बीचमा रहेको धवलागिरी बोर्डिङ स्कूल रहेको कालीगण्डकी किनारातर्फको खुला भागमा सवारी आवागमनलाई वाधा नगर्ने गरी व्यापार गर्न स्थान तोकिदिने ।

५. चालू आ.व.को सशर्त अनुदान तर्फ प्राप्त हुन आएको उत्कृष्ट विद्यालय अनुदानको रकम शिक्षा तथा खेलकुद शाखाका लागि शिक्षा विभागद्धारा तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको सूत्र वमोजिम नियमानुसार छनौट हुने विद्यालयलाई प्रदान गर्ने ।

६. आगामी आ.व.को श्रावण १ गते वाट गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरुले यसै गाउँपालिकाको आर्थिक ऐन, २०७६ वमोजिम कर तथा दस्तुरहरु उठाउने ।

७. यस कार्यालयद्धारा जिल्ला प्रशासन कार्यालय, मुस्ताङका लागि जडान गरिएको डिजिटल बडापत्र १ (एक) सेट र अस्थाई जिल्ला ट्राफिक प्रहरी कार्यालय, मुस्ताङलाई तयार पारिएको विट थान १ (एक) को बिषयमा सवै सदस्यहरुलाई जानकारी गराइयो ।

८. यस गाउँपालिका वडा नं. ४ स्थित यसै गाउँ कार्यपालिकाको कार्यालय नजिकै रहेको वाल उद्यान तथा गाउँपालिका र जनहित मा.वि. अगाडिको खाली जग्गामा पार्क निर्माण शीर्षकमा विनियोजित बजेटवाट कार्यालयले नियमानुसार सोलार बत्ती जडान गर्ने गरी कार्य अगाडि बढाएकोमा सो कार्यलाई अनुमोदन गर्ने ।

९. यस गा.पा. वडा नं. ३ एयरपोर्टको मुक्तिनाथ होटल सँगै रहेको सार्वजनिक खूला जग्गा भविष्यका लागि अत्यावश्यक संरचनाहरु वनाउनको लागि जरुरी पर्ने भएकोले हाल कुनै पनि प्रकारको भौतिक संरचना नवनाउने र यही व्यहोरा ३ नं. वडा कार्यालयलाई लेखी पठाउने ।